नेपाल सरकार
# संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन:- ०१-४२००३०९

पत्र संख्या:- २०७३।७४
चलानी नं:- १२३

सिंहदरबार, काठमाण्डौ ।

मिति: २०७४।१।१७

श्री महाशाखा/शाखाहरु (सबै)
सं.मा. तथा स्थानीय विकास मन्त्रालय,
विभागहरु (सबै)
आयोग/प्रतिष्ठान/समिति/आयोजना/कार्यक्रम (सबै)
जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै)
जिल्ला प्राविधिक कार्यालयहरु (सबै)
महा/उपमहा/नगरपालिका/गाउँपालिकाको कार्यालयहरु (सबै)

विषय: सरकारी काम बाहेकका कार्यमा सामाजिक सञ्जालहरुको प्रयोग सम्बन्धमा ।

प्रस्तुत विषयमा हाल Youtube/Viber/Twitter/Facebook लगायतका विभिन्न सामाजिक सञ्जालहरुको प्रयोगबाट स्वदेश र विदेशमा भएका गतिविधिहरु लगायतका सूचना आदान-प्रदान भैरहेको र यस्ता सूचनाको प्रयोगबाट मानव जीवनमा सुसूचित हुने अवसरको सिर्जना गरेको छ । यसप्रकारका सामाजिक सञ्जालबाट मन्त्रालय र मातहतका निकायबाट भएगरेका कार्यहरुको जानकारी एवं सूचनाको पनि अध्यावधिक हुने गरेको छ । यस मन्त्रालय लगायत अन्तर्गतका केन्द्रीय निकायहरु, जि.स.स. एवं स्थानीय तहहरु (महा/उपमहा/नगरपालिका/गाउँपालिका) वडासम्मका कार्यालयहरुमा कार्यालय समयमा कार्यालय प्रयोजन सम्बन्धी काम बाहेक सामाजिक सञ्जालहरुको प्रयोगबाट कामकाजमा असर पर्नुका साथै कर्मचारी प्रति जनविश्वासमा कमी आउने गरेको र सो विषयमा संचार माध्यमहरुबाट समेत गुनासाको रुपमा समाचारहरु प्रशारण हुने गरेको पाइएको छ । त्यस्ता कार्यले जनतालाई दिने सेवा प्रवाहमा असर पर्ने र समयमा नै गुणस्तरीय सेवा प्रदान गर्न कठिनाई हुन्छ ।

उपरोक्त पृष्ठभूमिमा कार्यालय समयमा कार्यालय परिसरभित्र Youtube/Viber/Twitter/Facebook लगायतका सामाजिक सञ्जालहरु आजैका मितिबाट कार्यालय प्रयोजन सम्बन्धी काम बाहेक प्रयोग नगर्न नगराउनु हुन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका महाशाखा/शाखाहरु, विभागहरु, आयोग/प्रतिष्ठान/समिति/आयोजना/कार्यक्रम, जिल्ला समन्वय समितिको कार्यालयहरु, जिल्ला प्राविधिक कार्यालयहरु, महा/उपमहा/नगरपालिका/गाउँपालिकाको कार्यालयहरु सबैलाई निर्देशन

नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन:- ०१-४२००३०९

पत्र संख्या:- २०७३।७४
चलानी नं:-

सिंहदरबार, काठमाण्डौ ।

गरिन्छ । यदि कार्यालय समयमा यस आदेशलाई उल्लङ्घन गरी Youtube/Viber/Twitter/Facebook लगायतका सामाजिक सञ्जालहरुको प्रयोग गरेको पाइएमा त्यस्ता अटेर गर्ने कर्मचारीलाई निजामती कर्मचारीको हकमा निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० तथा स्थानीय तहका कर्मचारीको हकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार विभागीय कारवाही गर्नु गराउनु हुन र सोको जानकारी मन्त्रालयमा गराउनु हुनका साथै मन्त्रालय तथा विभागबाट विभागीय कारवाही गर्नुपर्ने कर्मचारीको हकमा तत् तत् निकायमा लेखिपठाउन नेपाल सरकार (सचिव-स्तर)को मिति २०७४।१।१७ को निर्णयानुसार जानकारी गराइन्छ ।

..........................
(मदन कोइराला)
उपसचिव